## १११ औं कार्यपालिका बैठक (मिति २०८२ आषाढ ८ गते) को प्रस्तावनाहरु:

**प्रस्तावहरू :**

१) विगतका कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२) आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम र बजेट सम्बन्धमा

३) संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा

४) विविध

क) पुरस्कार प्रदान गर्न योग्य कर्मचारी छनौटका लागि समिति गठन सम्बन्धमा ।

ख) भुक्तानी सम्बन्धमा ।

ग) राजश्व परामर्श समितिको मिति २०८२/०३/०६ को निर्णय अनुमोदन सम्बन्धमा ।

घ) स्रोत संशोधन सम्बन्धमा ।

CamScanner

१.विगतका कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

नगर कार्यपालिकावाट भएका अधिकांश निर्णयहरु कार्यान्वयन भइसकेका, केही निर्णयहरु कार्यान्वयन भइरहेका र बाँकी निर्णयहरु कार्यान्वयन हुने क्रममा रहेका हुँदा यस कार्यमा नगर कार्यपालिकाका सबै सदस्यहरुले आवश्यक सहयोग, सहकार्य र अनुगमन गर्नुका साथै सम्वन्धित शाखा प्रमुखहरुलाई निर्णयानुसार कार्यान्वयन गर्न बाँकी कार्यहरु विधि र प्रक्रिया पुर्‍याएर उपलब्ध स्रोतका आधारमा कार्यान्वयन गर्दै लैजान निर्देशन दिने सर्वसम्मत निर्णय गरियो।

२.आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति कार्यक्रम र बजेट सम्बन्धमा

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ दफा १९ बमोजिम नगर सभाको बैठक सामान्यतया वर्षमा दुई पटक बस्नुपर्ने व्यवस्था छ, जसलाई नगरप्रमुखले बोलाउने प्रावधान गरिएको छ। यसैगरी सोही ऐनको दफा ७१ बमोजिम उपप्रमुख वा कार्यपालिकाले तोकेको कार्यपालिकाको कुनै सदस्यले आगामी आर्थिक वर्षको राजस्व तथा व्ययको अनुमान (वजेट) असार १० गतेभित्र नगरसभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था स्पष्ट रूपमा उल्लेख गरिएको छ। उक्त कानूनी प्रावधानको पालना गर्दै २०८२ साल असार ९ गते सोमबारका दिन यस नगरपालिकाको १७ औं नगर सभा आव्हान गर्ने मिति २०८२ जेठ ३० गते बसेको नगर कार्यपालिकाको ११०औं बैठकबाट निर्णय भएको अवस्थामा राजश्व परामर्श समितिको निर्णय, स्रोत अनुमान समितिको निर्णय अनुसार उपलब्ध स्रोतको सीमाभित्र रही विभिन्न सेवा र कार्यहरुमा आर्थिक वर्ष २०८२।०८३ का लागि खर्च गर्ने र सो खर्च व्यहोर्ने स्रोतहरु समेतको आय व्यय विवरण (वजेट) प्रस्ताव आर्थिक विधेयक, २०८२ विनियोजन विधेयक, २०८२ र मध्यमकालीन खर्च संरचना २०८२।०८३ लगायतका कानूनको मस्यौदा तयार गरी मिति २०८२ साल आषाढ ९ गते सोमबारको नगरसभामा उपप्रमुख श्री प्रभा वोगटीज्यूले पेश गर्ने र वार्षिक नीति तथा कार्यक्रम नगरप्रमुख श्री राजन श्रेष्ठज्यूले पेश गर्ने सम्बन्धमा कार्यपालिकामा छलफल गर्दा केही असहमतिहरु रहेको हुँदा नगर कार्यपालिकाको पुनः बैठक बसी यस विषयमा निश्कर्षमा पुग्ने सर्वसम्मत निर्णय गरियो।

,मध्यमकालिन खर्च संरचना २०८२ स्वीकृत गरी सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

३. संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा

स्थानीय सररकार सञ्चालन ऐन, २०७४ को दफा ८३ उपदफा १ ले गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ राजश्व क्षमता खर्चको आकार स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा गाउँपालिका वा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको संगठन संरचना कायम गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ।ऐजन दफाको उपदफा २ मा उपदफा १ बमोजिम संगठन संरचनामा हरेक वडाको संगठन संरचना समेत समावेश भएको हुनु पर्नेछ भन्ने उल्लेख रहेको छ।कर्मचारी समायोजन ऐन २०७४, बमोजिम स्थानीय तहमा कर्मचारी समायोजन भइसकेको अवस्था छ। यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने मिति २०८२।०१।३१ को नगरप्रमुख स्तरीय निर्णय भएको छ।सो अनुसार संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने सार्वजनिक खरिद कानून अनुसारको प्रक्रिया पुरा गर्दा समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि. ललितपुर छनौट भएकोले सो संस्थालाई दिइएको कार्यशर्त र कार्यदिश बमोजिम तयार गरी तोकिएको समयमै यस नगरपालिकामा पेश हुन आएको विदुर नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन २०८२ पेश भए बमोजिम स्वीकृतको लागि मिति

२०८२।०३।०९ गतेको नगरसभाको कार्यसूचीमा समावेश गर्न सिफारिस गर्ने सर्वसम्मत निर्णय गरियो।

४.विविध

क) स्थानीय सेवाका कर्मचारी पुरस्कारको लागि कर्मचारी छनौट सम्बन्धी व्यवस्था गर्ने कार्यविधि,२०८२

नगरपालिकामा कार्यरत कर्मचारीहरुले सम्पादन गरेको कामको मुल्यांकन गर्दै उनीहरुको उत्प्रेरणा र मनोवल बढाई कामप्रतिको लगाव बढाउन साथै अन्य कर्मचारीहरुलाई समेत राम्रो कामको सम्मान हुन्छ भन्ने विश्वास दिलाई नगरवासीहरुलाई प्रदान गरिने सेवाको गुणस्तर समेत बढाउन आवश्यक रहेको छ।यस नगरपालिकाको १६औं नगरसभाले कर्मचारीलाई सम्मान तथा पुरस्कार प्रदान गर्न वजेट समेतको व्यवस्था गरेको र वर्षभरीमा गरेको कामको मुल्यांकन गरी यसै महिनाभित्र राम्रो कार्यसम्पादन गरेका कर्मचारीहरु मध्येवाट समावेशितालाई समेत मध्येनजर गरी स्थानीय सेवा पुरस्कारका लागि कर्मचारीको मुल्यांकन २०८२।०३।२० गतेसम्म स्थानीय सेवाका कर्मचारी छनौट कार्यविधि,२०८२ बमोजिक सिफारिस गर्न लगाउने सर्वसम्मत निर्णय गरियो।

ख)भुक्तानी सम्बन्धमा ।

वडा नं. ३ को कालिकास्थान चौताराबाट सुनार गाउँ जाने ढलानबाटो आलमडाडाको नाममा वजेट विनियोजन भई निर्माण कार्य भएकोमा उक्त बाटको कटिङ र नाली निर्माण नगरी ढलान गर्न उपर्युक्त नहुने हुँदा नाली निर्माण गरी त्यस पछि मात्र बाटो ढलान गर्नु उपयुक्त हुने सम्बन्धित प्राविधिकको रायसहित प्रतिवेदन पेश भएकोले लागत अनुमान समेत नाली समेत निर्माण गर्ने गरी लागत अनुमान अनुसार स्वीकृत भएको र सड्क ढलानको लागि विनियोजित बजेटबाट नाली निर्माण भएको रकम प्राविधिक मुल्यांकनको आधारमा भुक्तानी दिने सर्वसम्मत निर्णय गरियो।

ग)राजश्व परामर्श समितिको मिति २०८२/०३/०६ को निर्णय अनुमोदन सम्बन्धमा ।

मिति २०८२ आषाढ ६ गते बसेको राजश्व परामर्श समितिको बैठकले आगामी दुई आर्थिक वर्ष २०८२।०८३ र २०८३।०८४ का लागि मुल्य अभिवृद्धिकरसहित ३५ लाखमा उक्त बसपार्क ठेक्का लगाउन सिफारिस गरेको आ व २०८०।८१ र २०८१।०८२ को दुई वर्षका लागि २५ लाखमा ठेक्का लागेकोले समितिको सिफारिस बमोजिम मुल्य अभिवृद्धि कर बाहेक ३५ लाख रुपैयाँ न्यूनतम अंक तोकी बढावढमा आय ठेक्का लगाउनु बोलपत्र दरभाउ पत्र आव्हान गर्ने साथै आगामी आर्थिक वर्ष २०८२।०८३ का लाग्ने विभिन्न कर तथा शुल्कको दरहरुराजश्व परामर्श समितिको मिति २०८२/०३/०६ मा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

घ)स्रोत संशोधन सम्बन्धमा ।

चालु आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत कार्यक्रम अनुसार सम्पन्न भएका कामको भुक्तानी दिनु पर्ने खुद रकमको ६६ प्रतिशत आयोजना तर्फ र ७५ प्रतिशत शाखागत कार्यक्रम तर्फ भुक्तानी दिने कार्यपालिकाबाट भएको निर्णय कार्यान्वयन गर्दै जादा भुक्तानी गर्नु पर्ने रकम र स्रोतबीच संगती नमिलेकोले स्रोत संशोधन गरी भुक्तानी दिन आर्थिक प्रशासन शाखालाई अनुमति दिने सर्वसम्मत निर्णय गरियो।

बैठक संख्या: ११२ (एक सय बाहऔं)

समय:

आज मिति २०८२ असार ०९ गते सोमवारका दिन विदुर नगरपालिकाका नगर प्रमुख श्री राजन श्रेष्ठज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसियो।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री प्रभा बोगटी | नगर उप-प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बावु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याम कृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री हरिराम भण्डारी | वडा अध्यक्ष | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तामाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तामाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिब बहादुर बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तामाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री बिन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री सुभाकर पौडेल | प्रमुख प्रशासकीय अधिकृत | |